महालेखापरीक्षकको
वार्षिक लेखापरीक्षण प्रतिवेदन
२०७५

यसोधरा गाउँपालिका
कपिलबस्तु

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं. ५१८

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
यसोधरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कपिलबस्तु ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

....
(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

महालेखापरीक्षकको सन्देश

टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता व्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या: ०७४/७५
च.नं. २६१

मिति: २०७५।१२।११

श्री प्रमुखज्यू,
यशोधरा गाउंपालिका,
कपिलवस्तु ।

विषय: **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट यशोधरा गाउंपालिकाको अर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

लेखापरीक्षकको जिम्मेवारी - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु. ७६ लाख ६१ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ९५ हजार, नियमित गर्नुपर्ने रु.१६ लाख १६ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.२९ लाख ५८ हजार र पेश्की रु.२९ लाख ९२ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।८।२८ मा जारी गरिएको प्रारंभिक प्रतिवेदन उपर सो को प्रतिक्रिया पेश हुन नआएकोले बेरुजु फछ्र्यौट नभई कायम व्यहोराको लखापरीक्षण प्रतिवेदन पाना ८ (आठ) यसै साथ संलग्न छ ।

कैफियत सहितको लेखापरीक्षण राय - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानून बमोजिम रहेको छ ।

(सुवर्ण प्रसाद ढकाल)
नायव महालेखापरीक्षक

यशोधरा गाउँपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७४।७५

परिचयः स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न यशोधरा गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो । यो गाउँपालिका अर्न्तगत ८ वडा रहेको १७ सभा सदस्य, ६७.५६ व.कि.मी. क्षेत्रफल, ३८९५२ जनसंख्या ५ नम्बर प्रदेशमा अवस्थित छ ।

स्थानीय संचित कोषः आर्थिक वर्ष २०७४।७५ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

सि.नं	आयतर्फ		सि.नं.	व्ययतर्फ	
	विवरण	रकम		विवरण	रकम
१	**गत वर्षको जिम्मेवारी**		१	**चालु खर्च**	१५३२१८०७०.३०
	क) नगद		२	**पूंजीगत खर्च**	१६२५३२१३२.१०
	ख) बैंक	६९९२७८५.३२	३	**वित्तीय व्यवस्था भुक्तानी**	
२	**राजस्व (आन्तरिक आय)**			क) ऋण भुक्तानी	
	क) आन्तरिक राजस्व	२५७९८९७.३८		ख) ब्याज भुक्तानी	
	ख) राजस्व बाँडफाँड			ग) अन्य भुक्तानी	
३	**वित्तीय हस्तान्तरण**		४	**लगानी**	
	क)वित्तीय समानीकरण अनुदान	२०९०९६०००.००		ऋण लगानी	
	ख) सशर्त अनुदान	८२६९२०००.००		शेयर लगानी	
	ग) बहूक्षेत्रीय पोषण कार्यक्रम	१३५८०००।००		अन्य लगानी	
	घ) एल.जि.सि.डि.पि.चालू अनूदान	१३३८०००।००			
	ङ)एल.जि.सि.डि.पि.पुंजिगत अनूदान	६०००००।००			
	च)सीमाक्षेत्र वि.कार्यक्रम चालू खर्च	१३४५०००।००			
	छ)सीमाक्षेत्र वि.का.पुंजिगत खर्च	६०६८०००।००	५	**धरौटी फिर्ता**	२११५००.००
	ज)सामाजिक सूरक्षा भत्ता	५३१३९०००.००	६	**कोष खर्च**	
४	**प्रदेश सरकारबाट प्राप्त अनुदान**		७	**बांकी मौज्दात**	
	क)वित्तीय समानीकरण अनुदान			क) नगद मौज्दात	
	ख) सशर्त अनुदान			ख) बैंक मौज्दात	४९४५८४८०.३०
५	**अन्तर स्थानीय तहबाट प्राप्त**			ग) धरौटी मौज्दात	११४७७६७.००
६	**वित्तीय व्यवस्था प्राप्ति**				
	क) ऋण प्राप्ति				
	ख) साँवा प्राप्ति				
	ग) ब्याज प्राप्ति				
	घ) अन्य प्राप्ति				
७	**धरौटी आय**				
	क) गत वर्षको आल्या	१८१९००.००			
	ख) यस वर्षको आम्दानी	११७७३६७.००			
	जम्मा	३६६५६७९४९.७०		**जम्मा**	३६६५६७९४९.७०

बेरुजु दफा	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम
१	**खर्च गर्ने अख्तियारी र कार्यविधि :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई कार्यक्रम र वजेट सहित प्रचलित कानुन वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । यस गाउंपालिका अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई लिखित अख्तियारी दिएको पाइएन भने प्रमुख प्रशासकीय अधिकृतले पनि १५ दिन भित्र वडा सचिवलाई अख्तियारी दिएको पाइएन ।	
२	**आन्तरीक नियन्त्रण प्रर्णाली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को विभिन्न दफाहरुमा उल्लेख भएका व्यवस्था लगायत अन्य प्रचलित कानुनमा व्यवस्था भएका व्यहोराहरु कतिपय पालना नभएका र कतिपय दफाहरुमा उल्लेख भएका प्रावधानहरु आंशिक रुपमा पालना भएको देखियो । अत: पालना नभएका व्यवस्थाहरु र आंशिक रुपमा मात्र पालना भएका व्यवस्थाहरु सुधार गर्दै आगामी दिनहरुमा लागू गर्ने तर्फ कार्यालयले ध्यान दिनु पर्ने देखियो । आन्तरिक नियन्त्रण चुस्त बनाउन निम्न व्यहोराहरु पूर्ण रुपमा पालना गर्नु पर्ने देखिन्छ । (क) अधुरो योजना चालु वर्षको कार्यक्रमा समावेश गर्न पर्ने । (ख) आम्दानी ठेक्काको संझौता अनुसारको रकममा मू.अ.कर असूली गर्नु पर्ने । (ग) योजना संग असम्वन्धित कार्यमा कन्टिजेन्सी खर्च गर्न नहुने । (घ) सामाजिक सुरक्षा भत्ता वितरण गर्दा MIS विवरणसंग मेल खानु पर्ने । (ङ) फोहरमैला व्यवस्थापन सम्वन्धमा जनचेतना अभिवृद्धि कार्यक्रम संचालन गर्नु पर्ने । (च) दरवन्दी वेगर कर्मचारी भर्ना गर्न नहुने । (छ) घरको नक्सा पास व्यवस्था लागु गर्नु पर्ने र भवन निर्माण आचारसंहिता कार्यान्वयन गर्नु पर्ने । (ज) एकीकृत सम्पत्ति करको अभिलेख राख्नु पर्ने व्यवस्था गर्नु पर्ने । (झ) साविक स्थानीय निकायको सम्पत्ति प्राप्ती र व्यवस्थापन गर्नु पर्ने । (ञ) स्थानीय तहको सरकारी सामुदायिक तथा सामाजिक सम्पत्तिको संरक्षण गर्नु पर्ने । (ट) न्यायिक समितिले मुद्दाको अभिलेख राखी मुद्दा फछ्यौंटमा तदारुकता देखाउनु पर्ने । (ठ) नागरिक वडापत्रमा सेवा प्रवाहको लागि लाग्ने दस्तुर, समय, जिम्मेवार कर्मचारी किटान गरी प्रकाशन गर्नु पर्ने ।	
३	**बैंक मौज्दात हिसाव फरक परेको :** कार्यालयले पेश गरेको २०७४।७५ को आयव्यय हिसावमा देखिएको बैंक मौज्दात र २०७५ आषाढ मसान्तको बैंक वांकी मौज्दात फरक परेको देखिन्छ । आयव्यय हिसाव अनुसार ०७५ आषाढ मसान्तको बैंक मौज्दात रु. ५,०६,०६,२४७।३० देखिएकोमा पेश भएको बैंक स्टेटमेन्टले आषाढ मसान्तको मौज्दात रु. ५,०६,६०,७४७।३० देखाएको हुंदा फरक परेको रु. ५४,५००।०० सम्वन्धमा कसरी बैंकमा बढी मौज्दात देखिएको हो एकिन गरी आम्दानी बांध्न छुटेको रकम कार्यालयबाटै बैंक रिकन्साइल गरी श्रेस्तामा आम्दानी बांध्नु पर्दछ ।	
४	**विशेष भत्ता** - नेपाल सरकारबाट स्थानीय निकायमा खटिएका निजामती कर्मचारी, मन्त्रालयले स्वीकृत गरेको प्रशासन अनुदानका कर्मचारीको तलव, भत्ता, दैनिक भ्रमण भत्ता र कार्यालय सञ्चालन खर्च, क्षमता विकास खर्च, सामजिक परिचलान खर्च पाउने व्यवस्था छ । केन्द्रिय चालु अनुदानबाट यस आर्थिक वर्षमा विभिन्न कर्मचारीलाई विशेष भत्ता रु. ९,९८,१८६।०० खर्च लेखेको छ । नेपाल सरकारले तोकिएको काम गरे बापत तलव भत्ता सुविधा उपलब्ध गराएको अवस्थामा कुन काम कति अतिरिक्त समय कार्य गरी कार्यसम्पादनमा आधरित प्रोत्साहन भत्ता भुक्तानी भएको हो सो समेत खुल्दैन । स्पष्ट आधार एवं कार्यविधि विना तथा नियमावलीमा स्पष्ट उल्लेख गरेभन्दा फरक कार्यमा खर्च लेखेको रकम अनियमित देखिएको रु.	९,९८,१८६।००

बेरुजु दफा	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम
५	**सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७,९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाउंपालिकाले साविकका गाउं विकास समितिहरुको सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान सामानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ ।	
६	**स्रोत नक्सांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम प्रत्येक गाउँपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा नगरपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन ।	
७	**पेश्की -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) अनुसार जुन प्रयोजनको लागि पेश्की लगेको हो सो पूरा भएपछि पेश्की फछ्र्यौट हुनुपर्दछ । समयमा पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत असूल गर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार गाउंपालिकाको २५ जना व्यक्ति तथा संस्थालाई गएको रु.२९,९२,८५०।०० फछ्र्यौट नभई बाँकी रहेकोले नियमानुसार फछ्र्यौट हुनुपर्ने रु.	२९,९२,८५०।००

पेश्की मिति	नम	प्रयोजन	रकम	
०७३।३।२८	मोहमद हली मुसलमान	पीपीसी ढलान	१००,०००।००	
०७५।३।२४	लइस पठान	सडक कालोपत्र	२०००,०००।००	छुट्टै दफामा बेरुजु कायम गरिएको
०७४।१२।२७	दिपेन्द्रकुमार पाठक	सामाजिक वि का	२३८,०००।००	
०७५।३।२५	रामकिशोर रविदास	भवन मर्मत	४००,०००।००	
०७५,३।२१	वेचनप्रसाद चौधरी	सानोगोठ सुधार	९,८५०।००	
०७५।३।१९	रामदास माली	सामाजिक वि का	२००,०००।००	
०७५।३।२२	आरती लोड	वतावरण संरक्षण	५०,०००।००	
०७५।३।२२	प्रभावती चमार	मदरसा संचालन	६०,०००।००	
०७५।३।२२	लालजीप्रसाद चौवे	मन्दिर मर्म	१००,०००।००	
०७५।३।२६	दिपनारायण चौधरी	आंखाऔषधी उपचार	५०,०००।००	
०७५।३।२२	अनुपकुमार पाण्डे	विपत व्यवस्थापन	१००,०००।००	
०७४।११।९	गिता पासी	औषधी उपचार	५०००।००	
०७४।११।२१	रामहरिहर तिवारी	,,	५०००।००	
०७४।११।२२	रामकिशोर जयसवाल	मन्दिर मर्मत	३०,०००।००	
०७५।३।२०	मदरसा नुरुल उलुम	मदरसा संचालन	५००,०००।००	
०७५।३।२२	रियाद अहमद मुसलमान	वांधफाटक मर्मत	१२५,०००।००	
०७५।३।२५	चन्द्रशेखर उपाध्याय	मन्दिर भवन निर्माण	२००,०००।००	
०७५।३।२५	राजनारायण मिश्र	वेरिंग जडान	४५०,०००।००	छुट्टै दफामा बेरुजु कायम गरिएको
०७५।३।२६	सवरन बढई	मन्दिर निर्माण	५०,०००।००	
०७५।३।२६	घनश्याम अहिर	सडक निर्माण	१७०,०००।००	
०७५।३।२६	नन्दकिशोर चाइ	इटा सोइलिंग	३००,०००।००	
०७५।३।२६	विन्द्रावति देवी यादव	कुलो मर्मत	३००,०००।००	
	जम्मा		२,९९२,८५०।००।००	

बेरुजु दफा	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम
८	**उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी नगर्ने, जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगर्ने जस्ता कानुनले तोकेका कार्य गरेको देखिएन ।	
९	**व्यवसाय कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाउंपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्न सूचना जारी गरेकोमा कुनै पनि व्यवसायी दर्ता हुन नआएको उल्लेख छ । गाउंपालिका क्षेत्र भित्रका व्यावसायलाई व्यवसायीको अभिलेख राखि करको दायराभित्र ल्याउनु पर्दछ ।	
१०	**तलवी प्रतिबेदन :** निजामती सेवा ऐन, २०४९ को दफा ७ बमोजिम स्थानीय तह अर्न्तगतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारीत गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले प्रशासन तर्फका कर्मचारीको तलब रु. ३५,११,०००।०० खर्च लेखेकोमा तलबी प्रतिबेदन पारित गरेको छैन । तलवि प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ ।	
११	**न्याय सम्पादन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहका मुद्दा मामिला फछ्र्यौट गर्ने अधिकार गाउंपालिकाको उपाध्यक्षलाई दिएकोमा यस गाउंपालिकामा मुद्दा दर्ता, फछ्र्यौट, बाँकी र मेलमिलापको अभिलेख राखेको पाइएन ।	
१२	**सवारी साधन खरिद :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १२३ बमोजिम कुनै पनि आर्थिक दायित्व पर्ने नयां विषयमा निर्णय गर्दा अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्ने व्यवस्था उल्लेख छ । यसैगरी २०६५।८।१५ को मन्त्रिपरिषदको निर्णय अनुसार पनि कुनै निकायले नयाँ सवारी साधन खरीद गर्दा अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्ने निर्णय गरी परिपत्र गरेको छ । यस गाउंपालिकाले यस आर्थिक वर्षमा एउटा स्कार्पियो जीप खरिद गरी लोक सुशेली, बुटवललाई रु. ४९,५५,०००।०० खर्च लेखेकोमा अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिएको देखिएन । अतः यस्तो खरिदलाई नियमसम्मत मान्न सकिएन ।	
	विद्यालय शिक्षक तलव खर्च	
१३	**तलव निकासा :** श्री अनुरुद्ध मा वि बैदौलीलाई तेश्रो चौमासिक रकम निकासा दिंदा रु. १७,५६,२१९।२० निकासा दिएको छ । मा वि दरवन्दीको लागि रु. ६०,०३,२७८।०० सट्टा शिक्षकको लागि रु.१,२६,०००।००, नि.मा.वि.। प्रा.वि. दरवन्दी को लागि रु. ८,७०,९०७।२०, राहत प्रा.वि.को लागि रु. ९२,६८०।००, बालविकासको लागि रु. २४,०००।०० र कार्य संचालनको लागि रु. ३०,०००।०० खर्चमा समावेश भैसकेपछि २ जना शिक्षकको रु. १,८५,९६०।०० थप निकासा भएको छ । उक्त दरवन्दी कुन तर्फको हो एकिन नभएकोले सो को प्रमाण पेश गर्नु पर्ने रु.	१,८५,३६०।००
	सीमा क्षेत्र कार्यक्रम (पुजीगत)	
१४	**अधूरो योजना :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२८ अनुसार निर्माण कार्यको ठेक्का संभौता भैसकेपछि निर्माण व्यवसायीले कार्य पूरा नगरी अधुरो छाडेमा सो ठक्का तोडी अर्को ठेक्का प्रक्रिया गरी कार्य गर्नु पर्ने र दोश्रो प्रक्रिया गर्दा लागेको खर्च समेत पहिलोबाट असूल गर्नु पर्ने र धरौटी समेत जफत गर्नं पर्ने व्यवस्था छ । कार्यालयको ठेक्का नं. ७, ०७४।७५ बाट रंगपुर गाउं दक्षिणको सडक आरसीसी गर्ने र नाली निर्माण गर्ने गरी ठेक्दार विन्ध्यवासीनी कन्टक्सनसंग ०७५।२।२२ मा रु. १७,३९,६५३।९९ (मू.अ.कर वाहेक) को कार्य ०७५।३।१५ भित्र सम्पन्न गर्ने गरी संभौता भएको छ । निजले उक्त कार्य सम्पन्न नगरी प्रथम तथा अन्तिम विल	

बेरुजु दफा	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम
	भनी रु. ७,०२,९२३।०० को विल ०७५।३।२० मा पेश गरेको र ०७५।३।१५ मा म्याद थप गरी पाउन समेत निवेदन दिएको छ । म्याद थप उपर कारवाही नभई मिति ०७५।३।२५ मा उक्त कार्यको नापजांच भै सो रकम भुक्तानी भएको छ । सो वाहेक अन्य काम भएको छैन । यसरी निर्माण कार्य अधरो रहेकै अवस्थामा कार्य सम्पन्न जनाई कार्य स्वीकार प्रतिवेदन लिन र रकम भुक्तानी दिनु नियम विपरित देखिएकोले निजको धरौटी जफत गरी कानुन बमोजिम थप कार्य प्रक्रिया अघि बढाउनु पर्ने देखिन्छ ।	
१५	**सडक निर्माण :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समतिबाट संचालित योजनामा उपभोक्ता समितिलाई प्रथम पटक एक तिहाइसम्म मात्र पेश्की दिने व्यवस्था उल्लेख छ । यस गाउंपालिका अन्तर्गत मुडिला चोकदेखि लोहरौलीसम्म सडक कालोपत्र गर्न रु. २१,५७,४५०।०० को लागत अनुमान तयार भै गाउंपालिकाले रु. १९,४०,०००।०० र उपभोक्ता समितिबाट २,१७,४५०।०० व्यहोर्ने गरी मिति ०७५।२।१ मा संझौता भएको उक्त काम ०७५।२।३० सम्ममा सम्पन्न गर्नु पर्ने शर्त रहेको थियो । उपभोक्ता समितिलाई रु. ७,४६,६००। मात्र पेश्की दिन सकिने व्यवस्था भएकोमा यस कार्यालयले विधिवत रुपमा गठन भएको उपभोक्ता समितिको अध्यक्ष अनुस पठानलाई योजनाको पेश्की नदिई गाउंपालिकाको निर्णय गराई वडाध्यक्ष लइस पठानलाई एकमुष्ठ रुपमा रु. २०,००,०००।०० पेश्की दिएको पाइयो । आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७८ अनुसार वजेट फ्रिज नहोस् भन्ने उद्देश्यले पेश्की दिन नहुने उल्लेख भएकोमा सो नियमको विपरित पूरै आयोजनाको रकम पेश्की दिएको तथा समयमा काम नगरी अलपत्र छोडेको पाइयो । उक्त योजना लेखापरीक्षणको सिलसिलामा २०७५।८।१३ मा स्थलगत निरीक्षण गर्दा काम अधुरो रहेको देखिएकोले सम्वन्धित पक्षबाट स्पेशिफिकेशन बमोजिम गुणस्तरको काम सम्पन्न गराई कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्ने रु.	२०,००,०००।००
	खानेपानी तर्फ	
१६	**असफल योजना :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिलाई प्रथम पटक लागत अनुमानको एक तिहाइ रकम सम्म पेश्की दिने व्यवस्था उल्लेख छ । यस गाउंपालिकाको ७ नं.वडामा खानेपानी वोरिंग गर्नको लागि रु. ५,६२,४९९।०० लागत अनुमान तयार भई रु.४,३६,५००।०० गाउंपालिकाबाट व्यहोर्ने र रु.१,२५,९९९।०० उपभोक्ता समतिबाट व्यहोर्ने गरी ०७५।२।३ मा उपभोक्ता समितिसंग संझौता गरेको देखियो । उपरोक्त नियम अनुसार उपभोक्ता समितिलाई प्रथम पटक रु. १,५०,०००।०० मात्र पेश्की दिन सकिनेमा रु. ४,५०,०००।०० एकमुष्ट पेश्की दिएको पाइएकोले नियम विपरित बढी पेश्की दिएको देखिन्छ । साथै ०७५।८।१३ मा योजना स्थलको स्थलगत निरीक्षण गर्दा र उपभोक्ता समितिको अध्यक्षसंग सोधनी गर्दा वोरिंगको काम ४०० फिटसम्म पनि पानी नआएकोले योजनको काम निस्कृय रहेको हुदा उपभोक्ता समितिको अध्यक्षको जिम्मामा रहेको रकम संचित कोषमा फिर्ता दाखिला गर्नु पर्ने रु.	४,५०,०००।००
	आन्तरिक आय	
१७	**मूल्य अभिवृद्धि कर :** यो वर्ष आन्तरिक आयबाट रु. ४५,७९,८९७।०० असूल भएको केन्द्रीय आयव्यय विवरणले उल्लेख गरेको छ । उक्त आन्तरिक आय मध्ये भारतीय नम्बर प्लेट गाडीहरुको आयबाट रु. ४,१७,८७०।०० प्राप्त भएको छ । शुरुमा अमानती प्रथाबाट कर असूल गर्ने गरेको र पछि सूचना प्रकाशन गरी ठेक्का व्यवस्थाबाट कर असूल गरेको देखियो । ठेक्का प्रक्रियामा सबैभन्दा बढी कबुल गर्ने लुम्बिनी कवाड सेन्टर कृष्णनगरसंग २०७४।६।१७ मा कवोल अंक ३,६५,०००।०० मा संझौता भएको देखिन्छ । मूल्य अभिवृद्धि कर ऐन, २०५२ र नियमावली, २०५३ बमोजिम कवोल अंकको १३ प्रतिशतका दरले हुने रु. ४७,७५०।०० मू.अ.कर असूल गर्नु पर्नेमा सो गरेको नदेखिएकोले निजबाट उक्त रकम असूल गरी दाखिला गर्नु पर्ने रु.	४७,७५०।००

बेरुजु दफा	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम
	महिला विकास तर्फ :	
१८	**पेश्की माथि पेश्की :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ बमोजिम पेश्की दिने र फछ्र्यौट गर्ने व्यवस्था भएकोमा उपनियम १ र २ बमोजिम लिएका पेश्की उपनियम ३ बमोजिम यस नियमावलीमा तोकिएको म्याद भित्र यसै नियमावलीको कार्यविधि अपनाई फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुनेछ भन्ने व्यवस्था भएकोमा एउटा कार्यक्रमको लागि लिएको पेश्की फछ्र्यौट नै नगरी अर्को कार्यक्रमको लागि पुन: पेश्की लिएको पाइयो । यसरी कार्यक्रम नै नगरी पेश्की माथि पेश्की लिएको र समयमा सेवाग्राहीले सेवाबाट वन्चित हुनु परेको हुनाले यस तर्फ कार्यालयले ध्यान दिनु पर्ने देखिन्छ । उदाहरण यस प्रकार छ :	

सि. नं	भौ.नं	पद तथा नाम थर	पेश्की लिएको मिति	रकम	फछ्र्यौट मिति	रकम
१	१३२	स.म.वि.नि.गोमा ज्ञवाली	०७४।१२।१५	१,३२,२००।		
२	१६६	,,	०७४।१२।२८	१,३२,२००।		
३	२१२	,,	०७५।१।१९	१,९८,३००।		
४	३२१	,,			०७५।३।२३	६६,१००।
५	३२२	,,			०७५।३।२३	६६,१००।
७	३२३	,,			०७५।३।२३	६६,१००।
८	३२४	,,			०७५।३।२३	६६,१००।
९	३२५	,,			०७५।३।२३	६६,१००।
१०	३२६	,,			०७५।३।२३	६६,१००।
११	३३७	,,			०७५।३।२३	६६,१००।
		जम्मा		४,६२,७००।		४,६२,७००।

	सामाजिक सुरक्षा भत्ता	
१९	**अनुगमन :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७२ को दफा २७ अनुसार निरीक्षण तथा अनुगमन सम्वन्धी व्यवस्था र दफा ३१ अनुसार नयांनाम दर्ता, लगतकट्टा सम्वन्धी विवरण सार्वजनिक गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नु पर्दछ । चालु आ.व.मा सामाजिक सुरक्षा वितरणको मुचुल्का सार्वजनिक गरेको तथा अनुगमन निरीक्षण गरेको देखिने प्रतिवेदन कार्यालयमा पेश भएको देखिएन । साथै यस सम्वन्धमा देखिएका अन्य व्यहोरा निम्नानुसार छ :	
१९.१	वडा नं. ५ वैदौलीको प्रथम चौमासिक भत्ता वितरणको भर्पाइ परीक्षण गर्दा जेष्ठ नागरिक (अन्य) ना.प्र.नं.४७६७ छोटेलाल नाउको मृत्यु भएको उल्लेख गरी भत्ता वितरण खर्च लेखेको छैन । तर दोश्रो चौमासिकमा रु. ८०००। र तेश्रो चौमासिकमा रु.८०००। वितरण भएको खर्च देखाएकोले सो रकम वडाबाट फिर्ता प्राप्त गरी राजस्व दाखिला गर्नु पर्ने रु.	१६,०००।००
१९.२	वडा नं. ५ वैदौलीको दोश्रो चौमासिक भत्ता वितरणको भर्पाइ परीक्षण गर्दा जेष्ठ नागरिक (अन्य) ना.प्र.नं.८९६ कल्लन मुसलमानको मृत्यु भएको उल्लेख गरी भत्ता वितरण खर्च लेखेको छैन । तर तेश्रो चौमासिकमा रु.८०००। वितरण भएको देखाएकोले सो रकम वडा कार्यालयबाट फिर्ता प्राप्त गरी राजस्व दाखिला गर्नु पर्ने रु.	८,०००।००
१९.३	वडा नं. ५ वदौलीको MIS अभिलेख अद्यावधिक भएको देखिंदैन । सो अभिलेखमा जेष्ठ नागरिक (अन्य) नामावलीमा १५२ जनाको नाम उल्लेख भएको, तर १५५ जनालाई प्रथम चौमासिक (श्रावणदेखि कार्तिकसम्म) रु. ८०००। का दरले रु. १२,४०,०००।०० भत्ता वितरण गरेको भर्पाइ पेश भएको छ । सो मध्ये २२ जनाको नामावली MIS अभिलेखमा उल्लेख छैन । यसरी प्रथम चौमासिकमा रु. १,७६,०००।, दोश्रो चौमासिकमा २१ जनाको रु.१,६८,०००। र तेश्रो चौमासिकमा २० जनाको रु. १,६०,०००। गरी जम्मा रु. ५,०४,०००। MIS अभिलेख वेगर खर्च लेखेको अनियमित देखिएको रु.	५,०४,०००।००

बेरुजु दफा	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम
१९.४	त्यस्तै आंशिक अपांग तर्फ १४ जनाको अभिलेख वेगर प्रति व्यक्ति रु. २४००। का दरले १२ महिनाको भत्ता वितरण गरेको रकम अनियमित देखिएको रु.	१००,८००।००
१९.५	त्यस्तै वालपोषण अनुदान तर्फ MIS अभिलेख वेगर प्रति व्यक्ति रु. १६००। का दरले प्रथम चौमासिकमा ६ जनाको रु. ९,६००।, दोश्रो चौमासिकमा २ जनाको रु.३,२००। समेत जम्मा रु. १२,८००। खर्च लेखेको अनियमित देखिएको रु..	१२,८००।००
२०	**आ.ले.प.प्रतिवेदन :** आ.ले.प.बाट देखिएका व्यहोराहरु लेखापरीक्षण अवधिसम्म पनि फछ्र्यौट भएको नदेखिएकोले निम्नानुसार कायम गरिएको छ :	
२०.१	माटो कटान कार्यमा रु.१,००,०००।०० भुक्तानी गर्दा अग्रीम कर घटी कट्टी नगरेको रु.	८,५००।००
२०.२	विचली भडेहरमा JCV प्रयोगमा रु. १,२५०००।०० भुक्तानी गरेकोमा घटी कर कटी गरेको असूल गर्नु पर्ने रु.	१०,६३३।००
२०.३	प्यान सेट ढुवानीमा कर कट्टी नभएकोले असूल गर्नु पर्ने रु.	३५०।००
२०.४	गौरी स्वास्थ्य चौकीको दोश्रो तला थप गर्ने कामको म्याद ०७५।२।१५ सम्म भएकोमा म्याद थप नगरी भुक्तानी भएकोले म्याद थप हुनु पर्ने रु.	३,२२,४८८।००
२०.५	डकुमेन्ट्री निर्माण वापत मधेश मुडिया सोसाइटीबाट घटी कर कट्टी भएको रकम असूल गर्नु पर्ने रु.	३,५००।००
२१	**वित्तीय जवाफदेहिता मूल्याङ्कन :** कार्यालयले बिभिन्न ऐन कानून एवं कार्यविधिमा भएको व्यबस्थाको पालना गरी वित्तीय जवाफदेहिताको स्तर उच्च राख्नु पर्दछ । व्यबस्थापकीय, वित्तीय व्यबस्थापन, सेवा प्रवाह र खरिद व्यबस्थापन पक्षसँग सम्बन्धित बिभिन्न २० सूचकको आधारमा यस कार्यालयको वित्तीय जवाफदेहिता मूल्यांकनबाट प्राप्त नतिजा उल्लेख छ । सो बमोजिम कार्यालयको वित्तीय जवाफदेहिताको स्तरले "C" ग्रेडिङ्ग प्राप्त गरेको छ । वित्तीय जवाफदेहिताको स्तरमा सुधार ल्याउनु पर्दछ ।	
२२	**बेरुजू** - यस गाउंपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने रु. ९५ हजार, नियमित गर्नुपर्ने रु. १६ लाख १६ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. २९ लाख ५८ हजार र पेश्की रु. २९ लाख ९२ हजार समेत रु ७६ लाख ६१ हजार बेरुजू कायम भएको छ ।	
२३	**अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२) (घ) बमोजिम वेरुजू फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । कार्यालयले गत वर्षको बेरुजू मध्ये निम्नानुसार फछ्र्यौट गरेको देखियो । तत्पश्चात्को बेरुजू स्थिति निम्नानुसार देखिएको छ :	

गत वर्षको बेरुजु रकम (रु.) (A)	यो वर्ष फछ्र्यौट (B)	बाँकी (C= A-B)
१०,९६,०००।००	१,६१,६००।००	९,३४,४००।००

२४	**अद्यावधिक बेरुजु स्थिति :** गाउंपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ :	

बेरुजु दफा	लेखापरीक्षणबाट देखिएका व्यहोरा				रकम
	गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) (C)	यो वर्षको सं प.बाट कायम बेरुजु रु. (D)	यो वर्षको कायम बेरुजु रु. (E)	बाँकी (F= C+D+E)	
	९३४,४००।००	०	७६६१,२१७००	८,५९५,६१७००	

अनुसूची १

यशोधरा गाउंपालिकाको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
आर्थिक वर्ष २०७४।७५

(रु.हजारमा)

सि. नं.	जिल्ला	स्थानीय तहको नाम	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्यौट			बाङकी बेरुजू			वाङकी बेरुजू								
			दफा संख्या			दफा संख्या			दफा संख्या				नियमित गर्नुपर्ने					पेश्की		
			सैदान्तिक	लगती	रकम	सैदान्तिक	लगती	रकम	सैदान्तिक	लगती	रकम	अशुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
१.	कपिलवस्तु	यशोधरा	१४	१६	७६६१	०	०	०	१४	१६	७६६१	९५	१६१६	२९५८	०	०	४६६९	०	२९९२	२९९२
२.																				
३.																				
४.																				

अनुसूची- २

स्थानीय तह सञ्चित कोष विवरण
आर्थिक वर्ष २०७४।७५

(रु.हजारमा)

सि. नं.	स्थानीय तह	जिल्ला	आय				जम्मा आय	व्यय				मौज्दात
			गत वर्षको जिम्मेवारी	समानीकरण अनुदान	सशर्त तथा अन्य बजेट अनुदान	अन्य आय		चालु खर्च	पूँजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
			१	२	३	४	५ (२+३+४)	६	७	८	९ (६+७+८)	१० (१+५-९)
	यशोधरा गाउंपालिका	कपिलवस्तु	६९९३	२०९०९६	१४७८९९	२५८०	३५९५७५	१५३२१८	१६२५३२	२१२	३१५९६२	५०६०६